# मृतकको तर्फबाट कुर्बानी

[ नेपाली - Nepali - نيبالي ]

लेखकः अतीकुर्रहमान मो.इदरीस खान मक्की

संशोधकः मुहम्मद इदरीस सलफी

2014 - 1435

IslamHouse.com

# الأضحية للميت

« باللغة النيبالية »

تأليف: عتيق الرحمن محمد إدريس خان مكي

مراجعة: محمد إدريس سلفي

2014 - 1435

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

पुस्तक पाइने ठेगाना -:
इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु
नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७-९८४७०३०७८०
९७२७६४९२३८
इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# प्रस्तावना

अलहम्दो लिल्लाहे नहमदोहु व नस्तईनोहु व नस्तगफिरहु व नऊजो बिल्लाहे मिन शोरूरे अनफोसेना व मिन सईयाते आमालेना, मैंयहदेहिल्लाहो फलामोजिल्ला लहु व मैंयुजलिल्हो फला हादिया लहु व अश्हदो अल्लाइलाहा इल्लल्लाहो व अश्हदो अन्ना मोहम्मदन् अब्दुहु व रसूलुहु । (अम्मा बअ्द)

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले सर्म्पूण ब्रह्माण्डलाई उत्पन्न गऱ्यो, र अल्लाहको शान्ति अवतरित होस् अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र उहाँको घरपरिवार र साथीहरू माथि र उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र मुहम्मदको पद्धतिलाई उत्तम मानी उसै माथि हिंडी आफ्नो जीवन व्यतीत गरे ।

प्रस्तुत पुस्तिकामा मृतकको तर्फबाट कुर्बानी (बलि) गर्नुको सत्यता वर्णन गर्ने प्रयास गरेको छु । र यो प्रष्ट पार्ने प्रयास गरेको छु कि वास्तवमा यो कार्य सुन्नतको अनुकूल छ कि छैन मैले प्रमाणद्वारा सिद्ध गरेको छु ।

मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ । र अल्लाह

यसबाट तपाईहरूलाई फाइदा पुऱ्याई मलाई आफ्नो दयाको पात्र बनाउन् । अल्लाह सित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन् (आमीन)


**लेखक**

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा**

**तौलिहवा कपिलवस्तु नेपाल**

**मो.नं. ००९७७–९८४७०३०७८०**

**Mob.00977-9727649238**

बिस्मिल्लाहिर्रहमानिर्रहीम

यस संसारमा जति पनि मुसलमानहरू बस्छन् र वास्तवमा ईमानवाला छन्, भने उनीहरूको यस कुरामा एकमत र आस्था छ कि कुरआन र हदीस नै त्यो आधार हुन् जसमाथि हाम्रो सफलता निर्भर छ । र त्यसै बमोजिम कर्म गरी हामी लोक परलोकको सुख शानित प्राप्त गर्न सक्छौं । र जुन मान्छे पनि यो दुवैलाई त्यागेर कुनै अरुको अनुशरण गर्ने छ त्यो पथविचलितहरू मध्येको हुनेछ ।

यस धर्ममा तीन खालका कार्य निर्देशनहरू छन् ।

१- स्पष्ट ग्राह्य गर्ने निर्देशनहरू । जुन सबै बुझ्न सक्छन् ।

२- स्पष्ट हराम गर्ने निर्देशनहरू । जुन सबै बुझ्न सक्छन् ।

३- यस्ता निर्देशनहरू जसलाई सबै बुझ्न सक्दैनन्, बरु त्यसको अर्थ विद्वानहरू बुझ्न सक्छन् अर्थात शंकास्पद कुराहरू जसमा विद्वानहरूको मतभेद हुन्छ कि यसको अर्थ के हो ।

हदीसमा वर्णन छ रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : हलाल (ग्राह्य) स्पष्ट छ, र हराम ( वर्जित) स्पष्ट छ, र यी दुवैको बीचमा केही शंकास्पद कुराहरू छन्, जसलाई सबै मान्छेहरू बुझ्दैनन्, त जस मान्छेले आफूलाई शंकास्पद कुराहरूबाट पर राख्यो त्यसले आफ्नो इज्जत र धर्मलाई बचायो, र जुन मान्छे शंकास्पद कुराहरूमा पऱ्यो, त्यो हराम कार्यमा पऱ्यो । ( बुखारी, मुस्लिम )

अर्थात अल्लाह र अल्लाहका रसूलले हाम्रो लागि प्रत्येक कुरालाई प्रष्ट पारिदिनु भएको छ, जसरी खाना कसरी खानु, पानी कसरी खानु, जीवन कसरी व्यतीत गर्नु, दिशा पिशाब कसरी गर्नु, समाजमा कसरी व्यवहार गर्नु, शंकास्पद कुराहरूमा के गर्नु ..... आदि ।

यसले गर्दा आज हामी यो भन्न सक्दैनौं कि यो कुरो शंकस्पद छ, अथवा म यसलाई बुझ्दैन, वा यो कार्यको बारेमा मलाई थाहै छैन कि यो हलाल छ वा हराम ।

सबैको बारेमा स्पष्ट निर्देशनहरू छन् जुन हाम्रो मार्गदर्शन गर्छन् कि कुनै कार्यको बारेमा हामीलाई शंका होस् त हामी के गरौं ।

उपरोक्तमा वर्णन गरिएको हदीस त्यसै मध्ये एक हो, यस हदीसमा यो कुरालाई स्पष्ट गरिएको छ कि शंकास्पद कुराहरूबाट टाढा रहनु नै उचित हो । जस्तो कि आर्को हदीसमा पनि वर्णन छ :

अर्थ : तिमीलाई जसकुराको बारेमा संदेह भइजाओस् त्यसलाई त्यागेर त्यो कार्य गर जसको बारेमा तिमीलाई कुनै संदेह नहोस् । ( तिर्मिजी, नेसाई )

त हाम्रो समाजमा एउटा यस्तो समूह पनि पाइन्छ जुन शंकास्पद कुराहरूको खोजीमा नै रहन्छ, र त्यसलाई प्रचार गर्छ, र त्यसै बमोजिम कार्य पनि गर्छ । अर्थात शंकास्पद कार्यहरूलाई नै गर्ने योजनामा हुन्छ । तर यस्तो मान्छेहरूको बारेमा अल्लाहको भनाई छ :

﴿ هُوَ ٱلَّذِيٓ أَنزَلَ عَلَيۡكَ ٱلۡكِتَٰبَ مِنۡهُ ءَايَٰتٞ مُّحۡكَمَٰتٌ هُنَّ أُمُّ
ٱلۡكِتَٰبِ وَأُخَرُ مُتَشَٰبِهَٰتٞۖ فَأَمَّا ٱلَّذِينَ فِي قُلُوبِهِمۡ زَيۡغٞ فَيَتَّبِعُونَ
مَا تَشَٰبَهَ مِنۡهُ ٱبۡتِغَآءَ ٱلۡفِتۡنَةِ وَٱبۡتِغَآءَ تَأۡوِيلِهِۦۗ وَمَا يَعۡلَمُ

تَأۡوِيلَهُۥٓۗ إِلَّا ٱللَّهُۗ وَٱلرَّٰسِخُونَ فِي ٱلۡعِلۡمِ يَقُولُونَ ءَامَنَّا بِهِۦ كُلّٞ مِّنۡ
عِندِ رَبِّنَاۗ وَمَا يَذَّكَّرُ إِلَّآ أُوْلُواْ ٱلۡأَلۡبَٰبِ ٧ ﴾ آل عمران: ٧

अर्थ : अल्लाहले नै तिमीलाई किताब प्रदान गर्‍यो, जसका केही आधारभूत आयात छन्, त्यही वास्तविक किताब हो र केही सामान्य प्रकृतिका छन् । अनि जसको हृदयमा कुटिलता हुन्छ तिनले फसाद गर्ने मनसाय र गलत व्याख्याको नीयतले यिनै सामान्य आयातका पछाडि लागि पर्दछन् । तर यसको वास्तविक अर्थ अल्लाह बाहेक अरु कसैलाई थाहा छैन । जुन मानिसहरू ठोस र गहिरो ज्ञान राख्दछन्, तिनीहरू भन्दछन् कि हामीले उनीमाथि आस्था राखीसकेका छौं । यी सबै हाम्रा पालनकर्ताबाट हुन्, नसीहत त बुझ्नेले मात्र ग्रहण गर्दछन् । ( सूरतु आले इम्रान ७ )

त थाहा यो भयो कि शंकास्पद कुराहरूको खोजी गरी त्यसै बमोजिम कार्य गर्नेहरू वास्तवमा मोमिन होइनन् बरु उनको हृदयमा कुटिलता जागृत हुन्छ र उनी बाङ्गोपनालाई नै मन पराउँछन्, र प्रष्ट कुरा यिनीहरूलाई सुहाँउदैन ।

बरु रसूल सल्लल्लाहो अलैहे वसल्लमले त शंकाको कारण हलाललाई पनि छाड्ने अनुमति दिएका छन् जस्तोकि हदीसमा वर्णन छ :

अर्थ : एक दिन उहाँ सल्लल्लाहो अलैहे वसल्लम कतै गईराख्नु भएको थियो कि बाटोमा एउटा खजूर फेला पारे त भने कि यदि मलाई यो थाहा हुन्थ्यो कि यो खजूर दानको होइन भने म यसलाई खाइहाल्ने थिएँ । ( मुस्लिम )

तात्पर्य यो कि शंकास्पद कुराहरूबाट बाँच्नु नै हाम्रो लागि लाभदायक छ, जस्तोकि प्रमाणहरूद्वारा प्रष्ट पारिसकें ।

तर हाम्रो समाजमा आज केही इस्लाम विरोधी शक्तिहरूको फकाईमा आई केही पेटपालु मोलवीहरू यस्तै विवादस्पद कुराहरूलाई प्रचार गर्छन्, र त्यसैलाई गर्ने आग्रह गर्छन् जुन कसैलाई लाभ पुर्‍याउन सक्दैन बरु त्यसबाट उम्मतमा विभाजन हुन्छ र मुसलमानहरू एक आर्का विरुद्ध भइहाल्छन् । यसले गर्दा म त्यसै मध्ये एक विवादस्पद समस्याको चर्चा गर्न चाहन्छु जुन वास्तवमा जायज छैन तर त्यसलाई ग्राह्य भनेर मुसलमानका दुई समूह

बीच विभाजन गर्न प्रयास गरिन्छ, र तिनी बीच शत्रुताको बिउ हाल्ने प्रयास गरिन्छ ।

र त्यो समस्या र मसला हो **मृतकको तर्फबाट कुर्बानी गर्नु** । केही मोलवीहरू भन्छन्: कि मृतकको तर्फबाट कुर्बानी गर्नु जायज छ । र केही प्रमाणहरू पनि पेश गर्छन् कि यी हदीसहरूबाट मृतकको तर्फबाट कुर्बानी गर्नु सिद्ध हुन्छ र जुन हदीसहरूलाई म निम्नमा चर्चा गरेर त्यसको बारेमा विस्तारले वर्णन गर्ने छु र त्यसको अनुसंधान पनि गर्ने छु कि त्यो प्रमाण वास्तवमा प्रमाण योग्य छ कि छैन तर पहिला अल्लाहको यो फर्मान हेर्नुस् !

﴿ مَّنِ ٱهْتَدَىٰ فَإِنَّمَا يَهْتَدِى لِنَفْسِهِۦ ۖ وَمَن ضَلَّ فَإِنَّمَا يَضِلُّ عَلَيْهَا ۚ وَلَا تَزِرُ وَازِرَةٌ وِزْرَ أُخْرَىٰ ۗ وَمَا كُنَّا مُعَذِّبِينَ حَتَّىٰ نَبْعَثَ رَسُولًا ﴿١٥﴾ ﴾ الإسراء: ١٥

अर्थ : जसले सही बाटो अपनाउँछ ऊ आफ्नो निम्ति अपनाउँछ, र जो मार्ग विचलित हुन्छ त पथभ्रष्टताको भारी पनि उसैलाई हुने छ, र कसैले अर्काको भारी उठाउने छैन, र जबसम्म हामीले पैगम्बर पठाउँदैनौं, तबसम्म सजाय दिने गर्दैनौं । ( सूरतुल् इस्रा १५ )

﴿ أَلَّا تَزِرُ وَازِرَةٌ وِزْرَ أُخْرَىٰ ﴿٣٨﴾ وَأَن لَّيْسَ لِلْإِنسَانِ إِلَّا مَا سَعَىٰ ﴿٣٩﴾ وَأَنَّ سَعْيَهُۥ سَوْفَ يُرَىٰ ﴿٤٠﴾ ثُمَّ يُجْزَىٰهُ ٱلْجَزَآءَ ٱلْأَوْفَىٰ ﴿٤١﴾ ﴾ النجم: ٣٨ - ٤١

अर्थ : कि कुनै पनि व्यक्तिले अरु व्यक्ति (को पाप) को भारी बोक्ने छैन । र यो कि प्रत्येक मानिसको लागी त्यही नै हो जसको निम्ति उसले प्रयास गऱ्यो । र यो कि उसको प्रयास शीघ्र नै देखिनेछ, अनि उसलाई पूरा प्रतिफल प्रदान गरिनेछ । ( सूरतुन्नज्म ३८-४१ )

﴿ مَّنْ عَمِلَ صَٰلِحًا فَلِنَفْسِهِۦ ۖ وَمَنْ أَسَآءَ فَعَلَيْهَا ۗ وَمَا رَبُّكَ بِظَلَّٰمٍ لِّلْعَبِيدِ ﴿٤٦﴾ ﴾ فصلت: ٤٦

अर्थ : जसले असल कर्म गर्नेछ उसले आफ्नो फाइदाका लागि र जसले नराम्रो काम गर्नेछ त त्यसको हानि पनि उसैलाई हुनेछ । तपाईंको पालनकर्ताले भक्तहरूमाथि अत्याचार गर्दैन । ( सूरतु फुस्सिलत ४६ )

उपरोक्तका श्लोकहरूबाट यो थाहा भयो कि मान्छेको आफ्नो कर्म नै वास्तवमा उसको साथी हो, त्यसै बमोजिम त्यसको बासस्थान

तोकिने छ । र प्रलयको दिन कुनै मान्छे कसै आर्काको भारी बोक्ने छैन ।
र म कतिपय पुस्तकहरूमा यो कुरा लेखिसके छु कि पूजाको तरिका वा त्यसको वैधताको बारेमा जब सम्म कुनै प्रमाण नहोस् त्यो गर्नु जायज छैन । अर्थात पूजाको लागि प्रमाण हुनु अति आवश्यक छ । जसरी हज्जे बदलमाथि हदीसबाट प्रमाण छ यसले गर्दा मृतकको तर्फबाट हज्जे बदल गर्न सकिन्छ, यस्तै मृतकको लागि दुआ गर्न सकिन्छ किनकि यसको प्रमाण हदीसहरूमा पाइन्छ ।
तर कुनै मृतकको लागि नमाज पढनु यस कुरामाथि कुनै प्रमाण छैन र सर्व सहमतिको साथ यो वर्जित छ । यसै कारण कोही पनि मृतकको तर्फबाट नमाज पढदैन ।
त अब हामी त्यस विषयतर्फ लागों जसको बारेमा म यस लेखमा चर्चा गर्नेछु र त्यो विषय हो मृतकको तर्फबाट कुर्बानी गर्नु । त अब हेरौं कि के वास्तवमा मृतकको तर्फबाट कुर्बानी गर्नुको कुनै प्रमाण छ । यदि छ भने कस्तो छ ? सत्यमा आधारित छ वा छैन ?
त यसबारेमा छानबिन गर्नु अति आवश्यक छ ताकि सत्य असत्य प्रष्ट भइहालोस्  किनकि

कुनै यस्तो कार्य गर्नु जुन हाम्रो (शरीअत) विधानबाट साबित छैन त्यो घोर अपराध हो । जुन मान्छेहरू मृतकको तर्फबाट कुर्बानी गर्नु जायज भन्छन् तिनीहरूका प्रमाणहरू निम्न हुन् !

* हफश बिन शर्म भन्छन् कि मैले हजरत अली रजिअल्लाहो अन्होलाई दुई दुम्बाको कुर्बानी गर्दै हेरें त सोधें कि यो के हो ? त हजरत अलीले भने कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले मलाई वसीयत गरेका थिए कि उनको लागि कुर्बानी गर्दै रहूँ, यसले गर्दा म उहाँको तर्फबाट कुर्बानी गरिरहेको छु । ( अबू दाऊद, मुसन्नफ अब्दुर्रजाक )

तर यो हदीस प्रमाणको लागि प्रयाप्त छैन, र यसलाई प्रमाण बनाउनु सही छैन किनकि यो हदीस जईफ छ हेर्नुस् ( तकरीबुत्तहजीब लेइब्ने हज्र अल अस्कलानी, अल् मजरुहीनमा इमाम इब्ने हिब्बानले पनि यस हदीसलाई जईफ भन्नु भएको छ, यस्तै इमाम जहबीले अल् मुक्तना फी सरदिल कुन्नामा पनि जईफ भन्नु भएको छ )

दोस्रो कुरो के छ भने यदि यस हदीसलाई सही नै मानौं तै पनि यस हदीसमा जुन वर्णन छ

त्यस अनुसार मृतकले यदि कसैलाई वसीयत गरेको छ भने मात्र त्यो मान्छे त्यसको तर्फबाट कुर्बानी गर्न सक्छ। त यसको अर्थ यो भयो कि जुन सुकैले पनि मृतकको तर्फबाट कुर्बानी गर्न सक्दैन बरु मात्र त्यो मान्छे नै मृतकको तर्फबाट कुर्बानी गर्न सक्छ जसलाई मृतकले आदेश वा वसीयत गरेको थियो यसले गर्दा यो हदीसबाट सबैमाथि प्रमाण बनाउनु अमान्य छ । किनकि यो हदीस विशेष परिस्थितिको लागि वर्णित छ।

अब आर्को प्रमाण हेर्नुस् !

* मुस्लिमको हदीसमा छ हजरत आइशा रजिअल्लाहो अन्हाको भनाई छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले कर्बानी गर्दा भन्नु भयो " **बिस्मिल्लाहे अल्लाहुम्मा तकब्बल मिन मुहम्मद वआले मुहम्मद व मिन उम्मते मुहम्मद** "।

अर्थ : अल्लाहको नामबाट हे अल्लाह ! यो कुर्बानी स्वीकार गर मेरो र मेरो परिवारको तर्फबाट, र मेरो उम्मतको तर्फबाट । ( मुस्लिम )

त यस हदीसमा जुन रसूल सल्लल्लाहो अलैहे वसल्लमले मेरो उम्मतको तर्फबाट भन्नु

भएको छ त्यसै शब्दलाई प्रमाण बनाई केही मान्छेहरू भन्छन् कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो उम्मतको तर्फबाट कुर्बानी गर्नु भएछ र उम्मतमा जीवित र मृतक सबै शम्मिलित छन्, यसले गर्दा मृतकको तर्फबाट कुर्बानी जायज छ ।

तर यस्तो मान्ने र भन्नेवालाहरूले एउटा सत्य कुरालाई लुकाई सबैलाई भ्रमित गरिराखेका छन्, र त्यो सत्य हो उम्मतको शब्दमा प्रलय सम्म जन्मिने समस्त मानवदानव शम्मिलित छन् । त के हामी जुन मान्छेहरू जन्मेका छैनन् त्यसको लागि पनि कर्बानी गरौं ? यस कुराको जवाफ के छ ?

र तपाईलाई यो पनि ज्ञात रहोस् कि भविष्यमा जन्मिनेहरूको तर्फबाट कुर्बानी गर्नुको बारेमा यिनीहरू पनि सही मान्दैनन् जुन मृतकको तर्फबाट कुर्बानी गर्नु सही मान्दछन् । र नजन्मेको मान्छेको लागि कुर्बानी गर्नुलाई कसैले पनि सही भनेका छैनन् । यसले गर्दा यदि उपरोक्तको हदीसबाट प्रमाण दिन्छन् भने भविष्यमा जन्मिनेहरूको लागि पनि कुर्बानी गर्नुलाई सदर गर्नु पर्छ र यसलाई यिनीहरू पनि मान्दैनन्, बरु यसलाई नकार्दछन् । त

प्रष्ट यो भयो कि यो हदीस यस कुरामाथि प्रमाण सिद्ध हुँदैन र यसबाट मृतकको लागि कुर्बानी गर्नु मूर्खता हो ।

दोस्रो कुरो के छ भने कतिपय कुरा यस्ता छन् जुन रसूल सल्लल्लाहो अलैहे वसल्लमको लागि विशेष थिए तर त्यो कार्यहरू हामीहरूको लागि जायज छैनन् जसरी चार भन्दा अधिक पत्नी राख्नु, निरन्त्रताले रमजान बाहेक कुनै महिनाको व्रत बस्नु वा बिना नागा व्रत बस्नु, .... आदि,

यसले गर्दा यो सन्देह बाँकी नै छ कि उम्मतको तर्फबाट कुर्बानी गर्नु पनि उहाँको लागि विशेष थियो, जसरी चार भन्दा अधिक पत्नी राख्नु उहाँको लागि विशेष थियो ।

तेस्रो कुरो के छ भने उहाँले कुनै व्यक्तिलाई विशेष गरेका थिएनन् र एउटै बाखा सबै उम्मतको लागि कुर्बानी गरेका थिए । तर यहाँ भाइहरूको समस्या र कुरो नै बेग्लै छ, यहाँ त मृतकको लागि विशेषरूपले कुर्बानी गरिन्छ अथार्त यिनीहरू एउटा बाखा मात्र मृतकको लागि विशेष गर्दछन् जब कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले एउटै बाखालाई आफ्नो लागि र आफ्नो घरपरिवार र समस्त

उम्मतको लागि गर्नु भयो । त यस हदीसबाट कुनै विशेष मृतकको लागि कुर्बानी गर्नु प्रमाणित हुँदैन किनकि दुवैको कार्यमा भिन्नता देखिन्छ ।

यिनीहरूले प्रस्तुत गरेका आर्को प्रमाण !

* हजरत जाबिर रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले कुर्बानीको दिन खुत्बा दिए पश्चात एउटा दुम्बा ( बाखाको एउटा किसिम ) लाई कुर्बानी गर्दा यो भन्नु भयो " बिस्मिल्लाहे वल्लाहु अकबर हाजा अन्नी वअम्मन् लम् यजेह मिन् उम्मती " ।

अर्थ : अल्लाहको नामबाट, जुन अल्लाह सबै भन्दा महान छ, यो कुर्बानी मेरो तर्फबाट र मेरो उम्मतका ती मान्छेहरूको तर्फबाट जुन कुर्बानी गरेका छैनन् । ( अबू दाऊद )

मृतकको तर्फबाट कुर्बानी गर्नुलाई जायज भन्नेहरू भन्छन् कि यस हदीसमा उम्मतको शब्द छ जुन जीवित र मृतक दुवैलाई बोध गर्छ, यसलेगर्दा मृतकको तर्फबाट कुर्बानी जायज भयो ।

तर उम्मत शब्दको बारेमा अघि नै प्रष्ट गरिसके छु कि यसमा भविष्यमा जन्मिनेहरू

पनि शम्मिलित छन् । र यसकुरामा कुनै एउटा मान्छेको पनि मतभेद छैन कि नजन्मेको मान्छेको कर्बानी जायज छैन । तसर्थ उम्मतको शब्दबाट प्रमाणिकरण गर्नु सही छैन । र यस हदीसमा त मृतकहरू शम्मिलित नै छैनन् किनकि हदीसमा प्रष्ट छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले यो बन्देज लगाउनु भएछ कि मेरो उम्मतका ती मान्छेहरूको लागि जुन कुर्बानी गरेका छैनन् चाहे कारण जे पनि रहेको होस् । त यस बन्देजबाट यो स्पष्ट भयो कि यस हदीसबाट जीवितहरू नै बोध हुन्छन्, किनकि मृतक त कुर्बानी गर्दैन त त्यसलाई यहाँ वर्णन गर्नुको कुनै अर्थ नै छैन, र रसूल सल्लल्लाहो अलैहे वसल्लम व्यर्थ कुरा कदापि भन्दैनन् ।

र आर्को कुरो के छ भने यस हदीसमा पनि एउटै बाख्रा सबैको लागि वलि गरिएको छ कुनै मृतक वा जीवितसित विशेष गरिएको छैन । तर हाम्रा भाइहरू आफ्नो बा आमा ....आदिको लागि विशेष गरेर कुर्बानी गर्दछन् र यो सरासर निराधार कुरो हो कुनै पनि दृष्टिले यो प्रमाणित हुँदैन ।

यिनीहरूको आर्को प्रमाणलाई पनि अनुसंधान गर्नुस् !

* यिनीहरूको भनाई छ कि मृतकको तर्फबाट हज्ज गर्नु जायज छ र हज्जमा कुर्बानी पनि गरिन्छ त जब हज्जमा मृतकको तर्फबाट हज्जको कारण कुर्बानी गर्नु जायज छ भने त्यस्तै बिना हज्जको पनि त्यसको लागि कुर्बानी गर्नु जायज भयो ।

तर यी मूर्खहरूलाई यो थाहै छैन कि हज्ज एउटा पूजा हो र कुर्बानी आर्को पूजा दुवैलाई एउटै झैं भन्नु वा एकलाई आर्कोमाथि कियास गर्नु ( एकलाई आर्को अनुरूप मान्नु ) सबैभन्दा ठूलो र घोर मूर्खता हो । र हज्जमा जुन बलि गरिन्छ त्यो कुर्बानी होइन बरु त्यो हज्जका कार्यहरू मध्ये एउटा कार्य हो जसलाई हज्जे तमतोअ् गर्नेले नगरिकन् त्यसको हज्ज नै पूर्ण हुन्न ।

र हज्जमा जुन बलि गरिनछ त्यसलाई अरबी भाषामा **हद्य** भनिनछ, तर कुर्बानीलाई अरबी भाषामा **उज्हिया** भन्निछ । त हेर्नु भयो दुवैको नाम नै भिन्न छ भने एकलाई आर्को झै कसरी भन्न सकिन्छ, र त्यसलाई प्रमाण बनाई अरुलाई पथभ्रमित गर्नु कहाँको बुद्धिमानी हो ।

र आर्को कुरो के छ भने हज्जको बलि मात्र मक्काको सीमा भित्र गर्न सकिन्छ त्यस बाहेक अरु कुनै ठाउँमा गरेमा त्यो अमान्य हुन्छ । तर कुर्बानी जुन सुकै ठाउँमा गर्न सकिन्छ ।

र यस्तै हज्जमा पैसा नपुगेमा बलिको सट्टा दश दिनको अनिवार्य रूपले व्रत बसेमा पुगिहाल्छ, जबकि कुर्बानी नगर्ने मान्छे माथि कुनै व्रत छैन चाहे त्यससंग क्षमता होस् वा नहोस् कुर्बानी नगरेमा व्रत बस्नु पर्दैन ।

यसले गर्दा हज्जको बलिलाई कुर्बानीको बलिसित गाँस्नु ठूलो मूर्खता हो ।

अब कदाचित यो कुरो तपाई समक्ष प्रष्ट भइहाल्यो होला कि मृतकको तर्फबाट कुर्बानी गर्नुको कुनै ठोस् सबूत र प्रमाण छैन । मात्र मुसलमान उम्मतलाई कुमार्गमा लगाउने उद्देश्यले पेटपालु र इस्लाम विरोधी शक्तिहरू यस्ता कुराहरूको प्रचार प्रसार गरेर मुस्लिम समूदायलाई पथभ्रमित र गुटबन्दी तर्फ आमन्त्रित र आकर्षित गर्ने योजनाले यसो गर्छन्, र अप्रमाणित कुराहरूलाई हाम्रो मुस्लिम समाजमा प्रसारित गरी हामीलाई शंकामा पार्छन् र केही पेटपालु मौलानाहरूलाई किनेर आफ्नो उद्देश्य पूर्ण गर्छन् ।

त हे भाइ यस्ता मौलानाहरूको भ्रमजालबाट टाढा नै रहनु र इस्लामका शत्रुहरूको जालमा नपर्नु, यिनीहरू हामीहरूलाई विभाजित गरी हाम्रो शक्तिलाई कमजोर पर्ने प्रयासमा छन् ।
तसर्थ मेरो भनाई के छ भने जुनसुकै अवस्थामा पनि मृतकको तर्फबाट कुर्बानी गर्नु शंकास्पद र विवादस्पद कुरो हो । र मैले यसै कारण यसलेखको आरम्भमा नै प्रमाणहरू द्वारा यो सिद्ध गरेको छु कि शंकास्पद कुराहरूबाट टाढा रहनु नै उचित छ । र रसूल सल्लल्लाहो अलैहे वसल्लमले हामीलाई यसै कुराको हुकुम दिनु भएको छ, जस्तोकि प्रमाणहरूद्वारा अघि नै वर्णन गरेको छु । तर जुन व्यक्ति अहिले पनि मान्दैन त्यसको लागि अल्लाहको यो कथन नै प्रयाप्त छ हेर्नुस् !

﴿ فَلَا وَرَبِّكَ لَا يُؤْمِنُونَ حَتَّىٰ يُحَكِّمُوكَ فِيمَا شَجَرَ بَيْنَهُمْ ثُمَّ لَا يَجِدُوا فِي أَنفُسِهِمْ حَرَجًا مِّمَّا قَضَيْتَ وَيُسَلِّمُوا تَسْلِيمًا ﴿٦٥﴾ ﴾ النساء: ٦٥

अर्थ : यसर्थ तिम्रो रबको शपथ लिन्छु कि, यिनीहरू जबसम्म आफ्ना सम्पूर्ण विवादमा तपाईलाई इन्साफकर्ता स्वीकार गर्दैनन् र

तपाईले गरेको निर्णयप्रति हृदयमा कुनै संकुचित विचार नराखी प्रसन्नतापूर्वक त्यसलाई अंगिकार गर्दैनन्, तबसम्म मोमिन हुन सक्दैनन् । ( सूरतुन्निसा ६५ )

त हेर्नु भयो जसले पनि रसूल सल्लल्लाहो अलैहे वसल्लमको आदेशको उल्लंघन गर्छ त्यो कदापि आस्थावान र मुसलमान हुनसक्दैन । तसर्थ सन्देहजनक कुराहरूबाट टाढा रही आफ्नो ईमान र इस्लामलाई सुरक्षित राखौं ।

एउटा हदीसमा वर्णन छ कि :

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लम आफ्नो स्वास्नी सफीया बिन्ते हुइईसित कतै कुरा गरिराख्नु भएको थियो यस अवस्थामा कि सफीयाले आफ्नो पूरा शरीर पर्दाले ढाँकेका थिइन्, अनि दुईजना सहाबाहरू त्यसै बाटोबाट गुज्रे, त रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई एउटी महिलासित कुरा गर्दा हेरे त छिटो छिटो हिँडन थाले, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले उनीहरूलाई आवाज गरेर पर्खन भने , अनि भने हे भाइ यो मेरी स्वास्नी सफीया हुन् जससंग म कुरा गरिरहेको छु । ( बुखारी )

हेर्नु भयो रसूल सल्लल्लाहो अलैहे वसल्लमले उनीहरूलाई बोलाएर यस कारण सत्य कुराबाट अवगत गराए ताकि उनीहरू यस शंकामा नपरुन् कि रसूल सल्लल्लाहो अलैहे वसल्लम कुनै अप्रचित युवतीसित कुरा गरिराखेका थिए । किनकि शैतान यस्तै शंकाद्वारा मान्छेलाई पथभ्रमित गरिदिन्छ, र मान्छे शंकामा परेर आफ्नो लोक र परलोक दुवै जीवनलाई कष्टदायक बनाइहाल्छ ।

यसले गर्दा हे भाइ ! शंकास्पद कुराहरूलाई त्यागी यस्तो कार्यहरू तर्फ लाग्नुस् जुन प्रष्ट छन् । यदि तपाईलाई आफ्नो मृतक बाबु आमा नातेदार आफन्तीहरू सित वास्तवमा प्रेम छ र उनको फाइदा र लाभको लागि केही गर्न चाहनु हुन्छ भने त्यो कार्य किन गर्दैनौं जसलाई गर्ने रसूल सल्लल्लाहो अलैहे वसल्लमले प्रोत्साहन गर्नु भएको छ र जसको सही हुनुमा कुनै दुविधा र शंका एवं सन्देह छैन । जसरी उनको लागि अल्लाहसित रोई रोई दुआ याचना गर्नु, उहाँहरूको लागि हज्ज गर्नु, हज्ज गर्ने क्षमता छैन भने उमरा नै गर्नु । तर यदि तपाई संग क्षमता छैन तपाई अति गरीब हुनुहुन्छ भने आफ्नो बाबु आमाको लागि

प्रार्थना गर्नु नै प्रयाप्त छ यदि नीयत सही होस् । हदीसमा वर्णन छ कि :

अर्थ : मान्छेको श्रेणी स्वर्गमा जब बढाइन्छ अर्थात उच्च श्रेणी प्रदान गरिन्छ त त्यो मान्छे भन्छः यो श्रेणी मलाई कसरी प्राप्त भयो । त त्यससित भनिन्छ कि तिम्रो पुत्रको दुआको कारण तिमीलाई यो श्रेणी प्रदान गरिएको हो । ( इबने माजा, सिल्सिलतुस्सहीहा लिल् अल्बानी हदीस नं. १५९८ )

र एउटा आर्को हदीसमा वर्णन छ कि :

अर्थ : अबू हुरैरह रजिअल्लाहो अन्हो भन्नु हुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः जब मनुष्य मरिहाल्छ त त्यसका समस्त कर्महरू (पुण्य) को अन्त भइहाल्छ मात्र यी तीन कार्यहरू बाहेक :

१- त्यस मृतकले प्रगतिशील रहीरहने दान गरेको होस् ।

२- यस्तो ज्ञानको भण्डार र स्रोत छाडेर गएको होस् जसबाट त्यसको मरणोपरान्त पनि मानछेहरू लाभान्वित भइरहेका हुन् ।

३- यस्तो सदाचारी पुत्र छाडेर गएको होस् जुन त्यसको मृत्यु पश्चात त्यसको लागि अल्लाहसित दुआ गरोस् । ( मुस्लिम )

अर्थात सुपुत्र यदि तपाईको लागि दुआ गर्छ भने मरणोपरान्त पनि तपाईलाई पुण्य मिल्छ । यसले गर्दा आफ्नो छोरा छोरीहरूलाई राम्रो पालनपोषण गर्नुस् र इस्लामी संस्कार र ज्ञान दिनुस्, ताकि मरणोपरान्त तपाईको लागि लाभप्रदसिद्ध हुन् । तात्पर्य यो कि तपाई त्यही कार्य गर्नुस् जसको सबूत इस्लामीय विधानबाट स्पष्टरूपले मिलोस् । र कसैको फकाईमा आएर आफ्नो परलोकको जीवनलाई बर्बाद नगर्नुस् । र कुरआन र हदीसको डोरीलाई कहिले पनि नछाडनुस् र अल्लाहसित सत्कर्म र सत्मार्गमा सुदृढ रहने दुआ गर्दै रहनु, यसैमा हामी सबैको सफलता र कल्याण छ । अल्लाह हामी सबैलाई सोझो मार्गको दर्शन गराउन् आमीन ।

अन्तमा अल्लाह सित प्रार्थना छ कि अल्लाह हामीलाई धर्म त्यसका समस्त निर्देशनहरूलाई अपनाई त्यसबाट लाभन्वित हुने सुअवसर प्रदान गरुन् । र हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् । र हाम्रा निःसंतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी

उहाँहरूको मुटुलाई शितल पारुन् । र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौ त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परिणत गरुन्, र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

# *समाप्त*

*लेखक*

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगर पालिका वॉड नं.९**

**महुवा तौलिहवा कपिलवस्तु**

**नेपाल**

Mob. No.00977-9847030780-9727649238
00966-0501372254
Email-atiqkhannp1982@yahoo.com